# सिरीजङ्घा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(प्रशासन शाखा)
तेल्लोक, ताप्लेजुङ
कोशी प्रदेश, नेपाल


पत्रसंख्याः-२०८२।८३ | मितिः२०८२।११।२९

सूचना नं.: | **सूचना नं. ७५ /२०८२/०८३** | नेपाल संवत्:११४६

**सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः२०८२।११।२९**

यस सिरीजङ्घा गाउँपालिकाको तपसिल बमोजिमको आवश्यक पदहरुका लागी खुल्ला प्रतिस्पर्धात्मक परीक्षाद्धारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले न्यूनतम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट दरखास्त फारम भर्न यस गाउँ कार्यपालिकाको मिति २०८२।११।०२ गतेको निर्णयानुसार आव्हान गरिएको छ।

**तपसिलः**

| विज्ञापन नं. | पद/समुह | संख्या | न्युनतम सेवा सुविधा | दरखास्त पेश गर्ने अवधि | कार्य गर्नु पर्ने कार्यालय |
|---|---|---|---|---|---|
| १०/०८२/०८३ | स्टाफ नर्स (जनरल नर्सिङ) | १ (एक) | सहायकस्तर पाँचौ तहको शुरु तलव स्केल | सुचना प्रकाशन भएको मितिदेखी ७ (सात)दिन भित्र | कार्यालयले तोके अनुसार |
| ११/०८२/०८३ | अ.हे.व. (हेल्थ इन्स्पेक्सन) | १ (एक) | सहायकस्तर चौथो तहको शुरु तलव स्केल र थप रु.५०,०००।- प्रोत्साहन रकम (चैत्र देखी जेष्ठ सम्म र मंसिर देखी फाल्गुन सम्म) | सुचना प्रकाशन भएको मितिदेखी ७ (सात) दिन भित्र | वडा नं ८ स्थित चैराम हेल्थ डेक्स |
| १२/०८२/०८३ | अ.न.मी. (नर्सिङ) | ७ (सात) | सहायकस्तर चौथो तहको शुरु तलव स्केल | सुचना प्रकाशन भएको मितिदेखी ७ (सात) दिन भित्र | कार्यालयले तोके अनुसार |

**१. स्टाफ नर्स, अ.हे.व. र अ.न.मी. पदको लागि आवश्यक न्युनतम योग्यताः**

क) दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।

ख) मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट लोकसेवा आयोगले निधारण गरेको न्युनतम शैक्षिक योग्यता प्राप्त गरी सम्बन्धित परिषदमा दर्ता तथा नविकरण भएको।

ग) भविष्यमा सरकारी सेवामा अयोग्य ठहरिने गरी वर्खास्त नभएको र नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहराएको। प्रचलित कानून बमोजिम अयोग्य नठहरिएको।

**दरखास्तका साथ संलग्न गर्नुपर्ने कागजातहरुः**

- नेपाली नागरिकता प्रमाणपत्र, न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र अनुभव भएमा सोको प्रमाणपत्रको प्रतिलिपी।
- हालसालै खिचेको पासपोर्ट साईजको ४ प्रति फोटो।

**परीक्षा शुल्कः**

क) स्टाफ नर्स पदको लागी परीक्षा दस्तुर रु ७००।- (अक्षरुपी सात सय मात्र) तथा अ.हे.व. र अ.न.मी. पदको लागी परीक्षा दस्तुर रु ५००।- (अक्षरुपी पाँच सय मात्र)

**३. परिक्षाको किसिमः**

क) सिरीजङ्घा गाउँपालिकाको करार सेवामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ मा भएको व्यवस्था अनुसार उम्मेद्धार छनौट गरिनेछ।

**द्रष्टव्यः** दरखास्त फाराम यस गाउँपालिकाको वेवसाईट www.sirijanghamun.gov.np वाट डाउनलोड गरी राजश्व तिरेको भौचर सहित इमेल (sirijangharuralmunicipality@gmail.com) मार्फत पठाउन सकिनेछ। थप जानकारीको लागी यस कार्यालयको सूचना अधिकारी श्री संजिव सिंह (९८६२००६२३७) सँग वुझ्न सकिनेछ। आवेदन फाराम वुझाउने म्याद नाघे पश्चात अन्तरवार्ताको मिति प्रकाशित गरिनेछ।

प्रमुख प्रशासकीय अधिकृत
डम्बर बहादुर आङदेम्बे
प्रमुख प्रशासकीय अधिकृत